ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ७, अंक १३
२९ भदौ २०८० शुक्रबार
15 Sep. 2023, Friday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका
अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# गौशालामा सडक दुर्घटनामा परि एकजनाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**भदौं २८ गते, महोत्तरी**
गौशालामा सडक दुर्घटनामा परि एकजनाको मृत्यु भएको छ ।

इलाका प्रहरी गौशलाका अनुसार गएराति गौशाला सम्सी सडकखण्ड अन्तर्गत पर्ने श्री मावि निगौल सडक खण्डमा भएको दर्घटनामा मोटरसाईकल चालक गौशाला नगरपालिका ५ का १८ बर्षिय सोनुकुमार राउतको घटनास्थलमै मृत्यु भएको हो ।

सोनुले चलाई रहेको प्र २ - ०२ - ००१ प ४२५१ मेटरसाईकले दाउरा वोकि ल्याउँदै गरेको साईकललाई ठक्कर दिंदा दुर्घटना भएको थियो । सो दुर्घटनामा परि सोहि मोटरसाईकलमा सवार गौशाला नगरपालिका वडा नं. १ का २२ का मानव भारती गम्भीर घाईते भएका छन् । उनको बर्दिवासमा उपचार भईरहेको ईलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ ।

यता साईकल चलाईरहेको औरही नगरपालिका ४ का ६८ बर्षिय सोगारथ साह सामान्य घाईते भएको र उपचार पश्चात घर फर्किसकेको प्रहरी निरीक्षक मनोजकुमार यादवले बताए ।

मृतकको शवलाई पोष्टमोर्टमका लागि जलेश्वर पठाईएको प्रहरीले जनाएको छ ।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।**

# मुसहर बस्तीमा विशेषज्ञ टोली, अत्याधुनिक प्रविधिद्वारा क्षयरोग जाँच

**रवीन्द्र उप्रेती**

**भदौं २८ गते, बर्दिवास**
क्षयरोगबाट आक्रान्त बर्दिबास-१४ स्थित नमुना मुसहर बस्तीमा मन्त्रीसहित सङ्घ र प्रदेश केन्द्रित स्वास्थ्यकर्मीको टोली आइपुगेको छ। धुर्मुस सुन्तली फाउन्डेसनद्वारा निर्मित व्यवस्थित आवासमा व्याप्त अव्यवस्था एवं क्षयरोग सङ्क्रमणबारे गोरखापत्रले समाचार र सम्पादकीय प्रकाशित गरेपछि सरकारी एवं गैरसरकारी स्वास्थ्य संस्थाका प्रतिनिधिको मुसहर बस्तीमा एकै पटक ओइरो लागेको हो।




मङ्गलबार अपराह्न बर्दिबास पुग्नुभएका मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री वीरेन्द्रप्रसाद सिंहले नमुना बस्तीका घर घरै पुगेर मुसहर समुदायको शिक्षा, स्वास्थ्य, समस्या र आवश्यकताबारे जानकारी लिनुभएको थियो। उहाँले क्षयरोग पहिचान भएकालाई निःशुल्क उपचार, पोषण खर्चलगायतको सुविधा मधेश प्रदेश सरकारले उपलब्ध गराउने बताउनुभयो।

त्यसअघि नै भक्तपुरबाट क्षयरोग निदान घुम्ती सेवाको सुविधासम्पन्न गाडी लिएर राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा. प्रज्वल श्रेष्ठ र प्रदेश स्वास्थ्य सचिव डा. प्रमोद यादव विशेषज्ञसहितको टोली लिएर मुसहर बस्ती पुगिसक्नुभएको थियो। यसका साथै प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. श्रवणकुमार मिश्र, विश्व स्वास्थ्य सङ्गठनकी प्रतिनिधि नवङ डोल्मा तामाङ, बागमती सेवा समाज, सेभ द चिल्ड्रेन, बिएनएमटी (विराट नेपाल मेडिकल ट्रस्ट), जिल्ला स्वास्थ्य कार्यालयलगायत संस्थाका प्रतिनिधि स्वास्थ्य परीक्षण र विवरण सङ्कलनका लागि मुसहर बस्ती पुग्नुभएको थियो।

मुसहर बस्तीमा सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरका निर्देशक डा. श्रेष्ठ तथा मधेश प्रदेशका स्वास्थ्य सचिव डा. यादवले मुसहर बस्तीमा बसोबास गर्ने सबै जनाको अत्याधुनिक प्रविधिद्वारा क्षयरोग जाँच गर्ने प्रक्रियि सुरु भएको जनाउनुभयो। "उन्नत प्रयोगशालासहितको गाडी र विशेषज्ञको टोली लिएर नमुना मुसहर बस्तीमा आएका छौँ," निर्देशक श्रेष्ठले बताउनुभयो, "अब स्वास्थ्य परीक्षणदेखि उपचारसमेत घरमै पाइने सुविधाले क्षयरोग निवारण प्रभावकारी हुने विश्वास लिएका छौँ।"

**चर्चामा घुम्ती सेवाको गाडी**

राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरबाट बर्दिबास-१४ स्थित नमुना मुसहर बस्ती आइपुगेको 'क्षयरोग निवारण घुम्ती सेवा' को बस अहिले यहाँ चर्चा र चासोको विषय बनेको छ। यो बस आफैँमा 'चल्ता फिरता अत्याधुनिक प्रयोगशाला' भएकाले यसले मधेश प्रदेशकै क्षयरोग निवारणमा आशा र भरोसा थपेको छ।

केन्द्रका प्रयोगशाला निरीक्षक ईश्वरी भुसालका अनुसार यो बसमा डिजिटल एक्सरे मेसिन जडान भएको छ। यसको प्रिन्ट निकाल्न पर्दैन। यो मेसिनले खिचेको एक्सरे इमेल, ह्वाटस एप र पेनड्राइभमा लोड गरेर जाँच गर्न जुनसुकै ठाउँबाट विशेषज्ञसम्म पठाउने सुविधा छ।

खकार जाँच्ने माइक्रोस्कोपदेखि जिन स्पट मेसिन पनि बसमा जडान छ। यतिले पहिचान नभए छालाबाट क्षयरोग पत्ता लगाउने 'मेनटक्स' जस्ता अत्याधुनिक मेसिन पनि यसै बसमा जडान भएकोले यसलाई 'क्षयरोग निवारण घुम्ती सेवा' नामकरण गरिएको उहाँले बताउनुभयो।

निर्देशक श्रेष्ठले यो बस मधेश प्रदेशलाई हस्तान्तरण गरिएकाले अब टोलबस्तीमै पुगेर सेवा दिन सकिने हुँदा क्षयरोग निवारणमा यसको महत्वपूर्ण योगदान पुग्ने जानकारी दिन भयो। स्वास्थ्य टोली पुगेको पहिलो दिन मुसहर बस्तीका १०५ जनाले नाम दर्ता गरी जाँच सुरु गरिएको छ। बस्तीमा पुगेको 'क्षयरोग निवारण घुम्ती सेवा' बसबाटै सबै जनाको एक्सरे, खकार सङ्कलन र छालाबाट क्षयरोग पत्ता लगाउने 'मनटक्स' जाँच भइरहेको भुसालले बताउनुभयो।




बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं
। शिक्षा दिएर असल नागरीक बनाऔं ।
औरही नगरपालिका कार्यालय
महोत्तरी

## सम्पादकीय

# जलवायु परिवर्तनले कृषि उत्पादकत्वमा कमी ल्याउन सक्छ

जलवायु परिवर्तनले खाद्यान्न उपलब्धतामा बाधा पुऱ्याउन सक्छ। खाद्यान्नमा पहुँच घटाउन सक्छ र खानाको गुणस्तरलाई असर गर्छ। उदाहरणका लागि, तापक्रममा अनुमानित वृद्धि, वर्षाको ढाँचामा परिवर्तन, चरम मौसमी घटनामा परिवर्तन र पानीको उपलब्धतामा कमीले कृषि उत्पादकत्वमा कमी ल्याउन सक्छ।जलवायु परिवर्तनले भोकबिहीन संसार तर्फको प्रगतिमा बाधा पुऱ्याउन सक्छ। एक बलियो र सुसंगत विश्वव्यापी ढाँचाले खाद्यान्न उपलब्धतामा असर पार्न सक्ने बाली उत्पादकत्वमा जलवायु परिवर्तनको प्रभावलाई बुझ्न सकिन्छ।

आपूर्तिमा अल्पकालीन परिवर्तनशीलताका कारण सम्पूर्ण खाद्य प्रणालीको स्थिरता जलवायु परिवर्तनअन्तर्गत जोखिममा पर्न सक्छ। यद्यपि, सम्भावित प्रभाव क्षेत्रीय तराजुमा कम स्पष्ट छ, तर यो सम्भावना छ कि जलवायु परिवर्तनशीलता र परिवर्तनले हाल भोकमरी र कुपोषणको जोखिममा रहेका क्षेत्रहरूमा खाद्य असुरक्षा बढाउनेछ।त्यसैगरी, खाद्यान्नको पहुँच र उपयोगमा परोक्षरूपमा घरायसी तथा व्यक्तिगत आम्दानीमा असर पर्ने र खानेपानीमा पहुँच नपुग्ने र स्वास्थ्यमा क्षति पुगेर खाद्यान्नको उपयोगमा असर पर्ने अनुमान गर्न सकिन्छ। प्रमाणले खाद्य सुरक्षामा जलवायु परिवर्तनको प्रभावलाई अझ लचिलो जलवायु-स्मार्ट खाद्य प्रणालीतर्फ अनुकूलन र न्यूनीकरण कार्यहरूमा पर्याप्त लगानीको आवश्यकतालाई समर्थन गर्छ।

यो परिभाषाले खाद्य आपूर्तिका चार प्रमुख आयाम समावेश गर्छ-उपलब्धता, स्थिरता, पहुँच र उपयोग। पहिलो आयाम पर्याप्त खाद्यान्नको उपलब्धतासँग सम्बन्धित छ अर्थात् खाद्यान्नको माग पूरा गर्ने कृषि प्रणालीको समग्र क्षमता। यसको उपआयामहरूमा बाली र चरन उत्पादनको कृषि-जलवायु आधारभूत कुराहरू समावेश छन् र सामाजिक-आर्थिक र सांस्कृतिक कारकहरूको सम्पूर्ण दायरा जसले किसानहरूले बजारको प्रतिक्रियामा कहाँ र कसरी प्रदर्शन गर्छन् भनेर निर्धारण गर्छ।

# जनकपुरलाई पर्खिरहेको झिंझा

-चन्द्रकिशोर

मधेश प्रदेशमा गतिलो बाटो सकिएर जब कच्ची बाटो सुरु हुन थाल्छ तब बुझ्नुपर्ने हुन्छ– कुनै दलित बस्ती नजिकिँदै छ । आज पनि बहुसंख्यक दलित बस्तीहरू राम्रा सडकको सम्पर्कबाट वञ्चित छन् । धनुषा जिल्लाको एउटा गाउँ हो– झिंझा । अहिले यो विदेह नगर पालिकाको चौहद्दीभित्र पर्छ ।

बसगजा र कटार नदीको बाढीबाट आप्लावित भैरहने यो गाउँको विशेष चिनारी छ । यस्तो चिनारी जसले पुस्तौंदेखि पछ्याइरहेको छ । स्थानीय बासिन्दाहरू त्यो चिनारीलाई लुकाउँदैनन् । उनीहरू आफूलाई लुकाउन चाहँदैनन् । उनीहरूले विरासतमा जे पाएका छन्, नवागन्तुकलाई त्यही सुनाउँछन् । उनीहरूसँग गफिँदै गर्दा मैले भगवत रावतको काव्यपंक्ति सम्झिरहेको थिएँ– 'मुझे एक भाषा चाहिए / जो उसकी आँख को आँख कह सके / और जिसका अर्थ / सिर्फ आँख हो ।'

खुला समाजमा निरन्तर सार्वजनिक परीक्षण भैरहन्छ । तर राज्यकोष लुटका अनेक काण्डले निरन्तरता पाइराखेको यो समय कसैले पनि धक फुकाएर यो स्विकार्दैन, 'मेरा आफन्त लुटेरा थिए वा छन् ।' झिंझाको एउटा समुदाय भने सगर्व सुनाउने गर्छ, 'हाम्रा पुर्खा डाकु थिए ।' उनीहरूको मूल पेसा नै डकैती थियो । उसो त यस्तै कर्म गरेर बाँच्ने छेउछाउका अकौडा, नरहियाजस्ता गाउँहरू पनि छन्, तर झिंझा पूर्वडाकाहरूको गाउँको प्रतीकजस्तो बन्यो । सन् १९७२ मा भारतको चम्बल घाटीका डाकुहरूलाई आत्मसमर्पण गराइँदा लोकनायक जयप्रकाश नारायणले भनेका थिए, 'हामी यी डाकाहरूलाई हिरो बनाउन चाहँदैनौं । हामीले त यिनीहरूलाई केवल नागरिक बनाउन खोजेका छौं ।' व्यवस्थाहरू परिवर्तन भइरहे तर झिंझावासीलाई कसैले पनि उनीहरूकै आँखाबाट हेर्न चाहेन । आज पनि उनीहरू आधारभूत नागरिक सुविधाबाट वञ्चित छन् । जसको कोही छैन, त्यसका लागि सरकार हुनुपर्नेमा लोकदेवता सलहेशका यी भक्तहरू अझैसम्म सलहेशलाई नै गुहार्नुपर्ने अवस्थामा बाँचिरहेका छन् । भविष्य फेरिने कुनै संकेत जनकपुरको सत्ताले दिएको छैन । समय फेरिएको पक्का हो, शासकीय मनोवृत्तिमा भने खासै बदलाव आएको छैन ।

डाकाबहुल गाउँको परिचयमा अभ्यस्त झिंझावासीसँग सुनाउनपर्ने अर्को के नै छ र ? भोट माग्न आउनेहरू केही गुलिया वाचा गर्छन् । चुनाव सकिएलगत्तै बेपत्ता हुन्छन् । रिपोर्टिङका लागि पुग्ने सञ्चारकर्मीहरू यहाँका पूर्वडाकाहरूको खोजी गर्छन्, तिनको स्वीकारोक्ति सुन्छन् । आफ्ना मिडियाका लागि तस्बिर एवं सामाजिक सञ्जालका लागि तिनै डाका कहलिएकाहरूसँग सेल्फी खिचेर बिदाबारी हुन्छन् । वर्षौंदेखि यस्तै चल्दै आइरहेको छ । निकट अतीतसम्म पनि त्यहाँका वर पीपलमा गोहीको आँसु कति बग्यो-बग्यो ! थानेदारहरू आजपर्यन्त त्यहाँ तुजुक देखाउन पुग्ने गर्छन् । सत्ताले जहिले पनि बहिष्कृत समुदायहरूलाई ठाउँमा राख्न तिनैमध्येको महत्त्वाकांक्षी व्यक्तिलाई प्रयोग गर्छ । भनिन्छ, जसले इतिहासको व्याख्यालाई आफ्नो स्वार्थअनुकूल स्थापित गर्न सक्छ, बर्तमानलाई निर्देशित र नियन्त्रण गर्ने अधिकार पनि उसैले पाउँछ । विगतमा पञ्चायती शासनका हर्ताकर्ताहरूले यी डाका कहलिएकाहरूको प्रयोग प्रजातन्त्रवादी सेनानीहरूलाई तह लगाउन गरे । अहिले सुन तस्करी गराएर आफ्नो राजनीति सपार्न उद्यत वर्गजस्तै तत्कालीन समयमा चतुर प्रशासकहरूले सीमान्त गाउँका यी बासिन्दाहरूलाई एउटा 'लुट उद्योग' का अभिकर्ता बनाए । स्थानीय जमिनदारहरूले यिनकै पाखुराका भरमा विपक्षीलाई कज्याए । पञ्चायत ढल्यो, तर झिंझावासीलाई प्रयोग गर्ने नुस्खा बदलिएन ।

प्रसिद्ध अहिंसावादी विनोवा भावे चम्बल घाटीका डाकुहरूलाई 'डाकु' को साटो 'बागी' भन्न मुनासिब ठान्थे । त्यहाँको एउटा प्रार्थनासभामा उनले भनेका थिए, 'मान्छेहरू भन्छन्– यहाँ चोरी-डकैतीको समस्या छ । यो समस्याको मुख्य कारण हो– गरिबी, व्यक्तिगत दुश्मनी र प्रहरी । यो समस्याको चौथो कारण हो– दलगत राजनीति र चुनाव । यदि यी समस्यालाई दूर गर्न सकियो भने डाकुहरूको समस्या सोझै हल भैहाल्छ ।' प्रेम र करुणाका साथ झिंझावासीसँग गफ गरियो भने तिनीहरूका समस्याको जडमा पनि यिनै कुरा भेटिन्छन् । समस्याको जरो निकै गहिरो छ । यो समुदायको जुझारुपनको इतिहास गाउँको भौगोलिक अवस्थिति, वरिपरिको जातीय शक्ति संरचना र राज्यतन्त्रको मानस एवं राजनीतिको चरित्रमा लुकेको छ । समस्याको जरो उखेल्ने चेष्टा नगरी झिंझावासीको स्थायित्व, गतिशीलता एवं उन्नति सम्भव हुन्न । यिनीहरूको अपरिपक्व व्यवस्थापनले त समाजलाई नै असफलतातिर उन्मुख गराउन सक्छ ।

झिंझावासीका संघर्षका कथाहरूलाई सामान्यीकरण गर्न गाह्रो छ । 'पलायन वा पुनर्वापसी' वर्तमानप्रति असन्तुष्ट झिंझावासीहरूको फरक खालको अभिव्यक्ति हो । यही असन्तुष्टिका कारण चुप लागेका झिंझावासीलाई निष्क्रिय भएको ठान्नु बहुतहका सरकारको भ्रम हो । दशगजानजिकको मधेशको यो गाउँमा आज पनि वर्षाका बेला कोही बिरामी भए खाटमा बोकेर उपचारका लागि बाहिर लैजानुपर्ने बाध्यता छ । जग्गाधनी पुर्जा छैन । सबैका घरमा चर्पी छैनन् । पालिकाकै अन्य स्कुलभन्दा यो गाउँको स्कुल बेहाल छ । छुवाछुत निमिट्यान भएको छैन । प्रसूति प्रायः घरमै हुन्छ । युवाहरू काम गर्न चाहन्छन् तर काम छैन । बाह्रै महिना खेतमा कमाउन सकिँदैन । ज्यालादर न्यून छ । ऋण दिनेहरू यतिखेर हच्किएका छन् अनि बिनापैसा बाहिरिने कसरी ? बेलाबखत बाढी दुःख दिन आइपुग्छ नै । पूजागृह ठडिएको छ, यता सामुदायिक भवनमा आहाल जमेको छ । गाई-भैंसीको दूध बेच्न पनि टाढा जानुपर्छ । पारिपट्टिका आफन्तहरूको जीवनस्तर तुलनात्मक रूपमा बढिया छ ।

'झिंझावासी' शब्द सुन्दैमा एक थरीले नाक खुम्च्याउँछन् । पहिलापहिला पनि झिंझा पुगेकाहरूलाई लाग्ला, यो त विगतको जस्तो दुर्गम छैन, तर जे सामुन्ने छ, त्यो अपुग र अधकल्चो छ । प्रहरी-प्रशासनको वक्रदृष्टि कायमै छ । उनीहरू बिरालोलाई बिरालो साबित गर्न उद्यतझैं छन् । औसत व्यक्तिको दैनिकी कठिनाइपूर्ण छ । यस्तोमा उनीहरू फेरि पुरानै पेसामा फर्किनु ? शान्तिपूर्ण जीवन जिउने एउटा सामूहिक सपनाको चिहान खन्न मानौं राज्य स्वयं अग्रसर छ । कसरी बचाउने झिंझावासीलाई ? लोकतन्त्रले अर्थ हराउँदै गएको सन्दर्भमा कतै पिटर मायरले लेखेका थिए, 'जनता अर्ध-सार्वभौम छन् भन्ने मान्यता पनि स्खलित हुँदै गैरहेको छ । लोकतन्त्रमा लोक नै हराएको छ ।'

झिंझावासी-मुक्तिको मुद्दा आमूल राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरणसँग जोडिएको छ । बहुतहका सरकार आएपछि राजनीतिक रूपान्तरण केही हदसम्म भएको मान्ने हो भने चुनावका बेला यहाँको भोट खोजिन्छ । जित्नेले फेरि यिनीहरूलाई अछुत ठान्छ । कारणमा भन्ने गरिन्छ, 'तिमीहरूले मलाई त भोट नै हालेनौ !' 'घर छेउकै सरकारलाई किन दबाब दिँदैनौ ?' भन्ने पंक्तिकारको प्रश्नमा जवाफ सुनिन्छ, 'चोर उचक्के डाकुओं को तुम कहते हो सरकार कहूँ ?'

हाम्रो समाजमा डाकु र बागीहरूका अनेक कथा सुनिन्छन् । तिनीहरूका हृदय परिवर्तन भएका किंवदन्तीहरू पनि प्रशस्त सुनिन्छन । -कान्तिपुरबाट

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# पथलैया–कमला सडक खण्डमा ३० हजारभन्दा बढी रूख काटिने



**खबर दर्पण समाचारदाता**
**भदौं २८ गते, महेन्द्रनगर**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत मधेस प्रदेशको पूर्वमा सिरहादेखि पश्चिममा बाराको पथलैयासम्म चार लेनको सडक निर्माणको काम भइरहेको छ। वि.सं २०२१ मा तत्कालीन सोभियत संघको सहयोगमा निर्माण भएको दुई लेनको पूर्व-पश्चिम राजमार्गलाई अहिले विश्व बैंकको लगानीमा स्तरवृद्धि गरेर चार लेनको बनाउने काम सुरु भएको हो।

विश्व बैंकले दिन लागेको ८८ अर्ब रूपैयाँ ऋण सहयोगबाट दुई लेनको पूर्व-पश्चिम राजमार्गलाई चार लेनको सडक निर्माण गर्न सुरु गरिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत एक सय ३० किलो मिटर सडकलाई पथलैया-ढल्के र ढल्के-कमला गरी दुई प्याकेजमा विभाजन गरेर अहिले सडकको साइड क्लियर गर्नेलगायत काम सुरु गरिएको पथलैया-ढल्के-कमला सडक योजना प्रमुख दीपेन्द्र पाण्डेले जानकारी दिए।

उनका अनुसार यस योजनाअन्तर्गत निर्माण हुने एक सय ३० किलोमिटर सडक जंगल क्षेत्रमा २७ मिटर चौडा र सहरी क्षेत्रमा ५० मिटरको चौडा रहनेछ।

सडक विभाग, वैदेशिक सहायता कार्यान्वयन महाशाखाले पथलैया, निजगढ, चन्द्रनिगाहपुरलगायत सात स्थानमा सार्वजनिक सुनुवाइ गर्नाका साथै स्थानीयवासीको राय, सुझावसमेत लिएर काम सुरु गरेको उनले बताए। बस्ती र सहरी क्षेत्रमा ५० मिटर लिइने जग्गामा चार लेनको सडकसँगै नाला, सडकपेटीसहित साइकल लेनसमेत निर्माण गर्ने गरी कार्यहरू सुरु भइसकेको र अन्य स्थानहरूमा सडकको दुवैतर्फ सडक निर्माण गरिने आयोजनाले जनाएको छ।

एउटा लेन तीन दशमलव पाँच मिटरको हुने, सडकको दुवै छेउमा रूखबिरुवा तथा फूल रोपिने र दायाँबायाँ साढे दुई मिटर अतिरिक्त कालोपत्र गर्ने योजना रहेको डीपीआरमा उल्लेख छ। सडकमा गुड्दै गरेको सवारी साधन बिग्रिए त्यसलाई पार्किङ गर्न सक्ने व्यवस्थासमेत गरिने आयोजना प्रमुख पाण्डेले बताए।

यस सडकखण्डमा रहेको बागमती र कमला नदीको पुलबाहेक सानाठूला गरेर ७२ वटा पुलहरू पनि निर्माण हुनेछन्। साइकल लेन र फुटपाथ छोपिने गरी नाला र हने उक्त सडकको सब बेस २० सेन्टिमिटर र माथिल्लो फिनिसिङ लेबल १४ सेन्टिमिटर रहने डीपीआरमा उल्लेख छ। हाल सञ्चालनमा रहेको कज वे हटाएर आवश्यक स्थानमा बक्स कल्भर्ट निर्माण गर्ने काम भइरहेको छ।

पर्यावरणीय हिसाबले यो क्षेत्र संवेदनशील रहेकाले सडकबाट वारपार गर्ने जंगली जनावरका लागि 'एनिमल पास ब्रिज' पनि निर्माण गर्ने योजना सडक विभागको छ। विद्युत्, पानी, नेटवर्कको पाइपलाइन र वातावरण संरक्षणको विविध पक्षमा अध्ययन गरी डिजाइन तयार गरिएको आयोजनाका प्राविधिकहरुको भनाइ थियो। सडक सीमाभित्रको संरचना हटाउने, रूख कटान गर्ने, पोल सार्ने, कजवे बनाउनेलगायत काम सडक विभागले अगाडि बढाइसकेको छ।

यस राजमार्ग पथलैयादेखि कमला खोलासम्मको एक सय ३० मिटर लामो दुई लेनको सडकलाई स्तर वृद्धि गरेर चार लेनको बनाउन ठेक्का लगाइएको सडक विभाग वैदेशिक सहायता महाशाखाका एसडीई बन्दना आचार्यले बताइन्। उनका अनुसार विश्व बैंकको ऋण सहयोगमा सडकलाई चार लेन बनाउन लागिएको हो। तीस हजार आठ सय ७१ सानाठूला रूख कटान गर्ने, प्रतिरूख दश वटाका दरले तीन लाख आठ हजार दुई सय ७० वटा बिरुवा रोपिने विभागले जनाएको छ।

चार लेन सडकका रूपमा विकास गर्न लागिएको यस राजमार्गमा लामो तथा छोटो दुरीका गरी दैनिक हजारौं संख्यामा सवारी साधन आवतजावत हुने गर्छन्। करिब ६० वर्ष पहिला निर्माण गरिएको पूर्व-पश्चिम राजमार्ग सवारी साधनको चापले साँघुरो हुनाका साथै दुर्घटनाको कारण बर्सेनि ठूलो संख्यामा भइरहेको मानवीय क्षति कम गराउन वर्षौंदेखि विज्ञहरूले सडक चौडा पार्ने सुझाव दिँदै आएकाले अहिले राजमार्ग विस्तारको काम सुरु भएको हो।

# दुई महिनामा बस्रुन लागेको कांग्रेस केन्द्रीय समिति बैठकमा के छन् एजेण्डा?




**खबर दर्पण समाचारदाता**
**भदौं २८ गते, काठमाडौं**

नेपाली कांग्रेसको नियमित केन्द्रीय समिति बैठक असोज ४ गते बस्रुने भएको छ। गत साउन २ देखि १० गतेसम्म बसेको बैठकबाट नै पार्टीको केन्द्रीय समिति बैठकबाट नै पार्टी विधान अनुसार दुई महिनामा नियमित बैठक बोलाउने प्रतिबद्धता सभापति शेरबहादुर देउवाले गरेका थिए।

सोही अनुसार असोज ४ गतेका लागि केन्द्रीय कार्यसमिति बैठक बोलाएको हो। बुधबार एक विज्ञप्ति जारी गर्दै कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले असोज ४ का लागि केन्द्रीय कार्यसमिति बैठक बोलाइएको जानकारी गराएका हुन्। बैठकमा साउन २०-३० सम्म भएको पार्टीको आन्तरिक विशेष अभियान, पोलिसी ह्याकाथन र बीपी साहित्य महोत्सवको समीक्षा हुने जनाइएको छ। आन्तरिक विशेष अभियानमा कांग्रेसले ७७ जिल्लामै केन्द्रीय प्रतिनिधि खटाएको थियो। कांग्रेसले युवालाई नीति निर्माणमा जोड्ने उद्देश्यले 'गिग इकोनोमी' र 'क्लाइमेट एक्सन' विषयमा पोलिसी ह्याकाथन आयोजना गरेको थियो।कांग्रेसले भदौ ९ मा पोलिसी ह्याकाथनबाट तीन उत्कृष्ट अवधारणा छनोट गरेको थियो। यस्तै कांग्रेसले भदौ २४, २५ र २६ गते भव्यताका साथ बीपी साहित्य महोत्सव आयोजना गर्‍यो। २४ र २५ गतेको सेसन सम्पन्न भए पनि २६ गतेका लागि तय भएका सेसन आगामी असोज ३ गतेका लागि बोलाइएको छ। संविधानसभाका अध्यक्ष तथा एमाले उपाध्यक्ष सुवास नेम्वाङको निधनपछि कांग्रेसले बीपी साहित्व महोत्सव २६ गतेको महोत्सवको सेसन रोकिएको हो।

यसका साथै केन्द्रीय समिति बैठकले महासमिति बैठकको एजेण्डा तय गर्नेछ। कांग्रेसले आगामी मंसिर १३, १४ र १५ गतेका लागि महासमिति बैठक बोलाएको छ। २०७८ मंसिर-पुस सम्पन्न १४ औं महाधिवेशनमा नेतृत्व मात्र चयन गरेको कांग्रेसले आगामी महासमिति बैठकमाथि नीति तय गर्ने बताइएको छ।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०
प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५
रूफटप होटल एण्ड गेष्ट हाउस
मिटिङ्ग हल, पार्टी पैलेश
गौशाला नगरपालिका- ३, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)

यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.
Hot line number
9748457490 / 9748457491
रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392
प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।
२४ औं घण्टा उपलब्ध सेवा
- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था
स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।
- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षलमययच को व्यवस्था ।

# पत्रकार सन्तोष यादवमाथि आक्रमण, तीनजना पक्राउ

**खबर दर्पण समाचारदाता**

**भदौं २८ गते, सिरहा**

पत्रकार सन्तोष यादवमाथि सिरहाको औराहीमा भौतिक आक्रमण भएको छ। स्थानीय एक व्यक्तिले उनीमाथि धारिलो हतियारले प्रहार गरेका हुन्।



नेपाल प्रेसका मधेश प्रदेश समाचारदाता रहेका यादवले गाउँको एक विद्यालयमा भएको विवादलाई लिएर फेसबुकमा स्टाटस लेखेका थिए। त्यसमा आपत्ति जनाएर स्थानीय नवल यादवले पूर्वगाविस अध्यक्ष रहेका सन्तोषका पिताको चरित्रहत्या गर्नेगरी स्टाटस लेखे। यस विषयमा विवाद हुँदा उनीमाथि नवलका भतिजाले आक्रमण गरेका हुन्। प्रहरीले तीनजनालाई पक्राउ गरेको छ।

**सन्तोषका अनुसार घटना विवरण यस्तो थियोः**

'उहाँले म सित स्टाटस हटाउने कुरा गरे पनि हटाउनु भएन। त्यसपछि मैले पनि वास्ता गरिनँ। आज बिहान स्थानीय एउटा चिया पसलमा चिया पिउने क्रममा नवल यादवको भतिज प्रभु यादव आएर मलाई धाक-धम्की दिए। म त्यहाँबाट साइड लागेर औरहीको सई धर्मेन्द्र चौधरीलाई फोन गरें। एकजना मान्छेले मलाई धम्क्याइरहेको छ। उसले हतियार बोकेर आएको शंका लागेको छ। प्रहरी पठाइदिनुस् भनेर आग्रह गरें। प्रहरी आएन। त्यसपछि थप मानिसहरू जम्मा भए। विवाद बढ्न थाल्यो र स्थानीयले छुटाए। त्यसपछि म उभिइरहेको बेला नवलको भतिज प्रभु यादवले ममाथि गाँजा काट्ने हतियार (कटारी) ले प्रहार गर्‍यो। मैले हातले छेक्न भ्याएकाले धेरै चोट लाग्न पाएन। गर्दनको साइडमा हल्का चोट लागेको छ।'

सन्तोषले प्रहरीलाई जानकारी गराएपछि तीनजना पक्राउ परेका छन्। अहिले जिल्ला प्रहरी कार्यालयमा प्रहरीले सन्तोषलाई समेत बोलाएर छलफल गरिरहेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी रवीन्द्रराज पाण्डेले फेसबुकमा स्टाटसको विषयलाई लिएर पत्रकार यादवमाथि आक्रमण भएको बताए। बिहान औरही नगरपालिका ५ स्थित चोकमा यादवमाथि आक्रमण गरिएको उनको भनाइ छ।

घटनामा प्रभु यादव, रमण यादव र किशोर यादवलाई प्रहरीले पक्राउ गरेको पाण्डेले जानकारी दिए।

'हामी घटनाबारे थप अनुसन्धान गर्दैछौं। साम्य भइसकेको विषयमा पुनः विवाद निकालेर आक्रमण भएको पाइएको छ। दुवै पक्षलाई राखेर विस्तृत बुझ्छौं। र, थप कारबाही अघि बढाउँछौं', डीएसपी पाण्डेले भने।




# मुसहर समुदायका पीडा, नागरिकता बनाउन तिस हजार



**खबर दर्पण समाचारदाता**

**भदौं २८ गते, लहान**

सिरहाका विभिन्न पालिकामा रहेका मुसहर समुदाय अझै पनि नागरिकता र जन्मदर्ताको समस्या हुँदा विभिन्न सेवा र सुविधाबाट वञ्चित भइरहेका छन्। धनगढीमाई नगरपालिका-९, मुसहर्नियामा ४५ घर परिवार रहेका सदाय बस्तीमा अहिले पनि २० परिवारसँग नागरिकता छैन भने बालबालिकाको जन्मदर्ता नहुँदा विद्यालयमा भर्ना हुन पाइरहेका छैनन्। मलहु सदायका पत्नी रामकुमारी सदाय भन्नुहुन्छ, "नागरिकताका लागि चाहिने आवश्यक कागजात लिएर सिरहा जिल्ला प्रशासन कार्यालयमा पाँच पटक पुगे पनि नागरिकता बनाइदिएनन्।

पाँचौं पटक जाँदा एक कर्मचारीले झ्यालनजिक बोलाएर नागरिकता बनाउन ३० हजार रुपियाँ मागे। पतिले यति धेरै रुपियाँ कहाँबाट ल्याएर दिने भनेपछि घर फर्केर आयौं।"

मलहु सदाय र रामकुमारी सदायका आठ वर्षीय छोरी चन्द्रिका सदाय र सात वर्षीय छोरी चन्दा सदायको जन्मदर्ता नहुँदा विद्यालयमा भर्ना भएका छैनन्। मलहु र रामकुमारी सदाय जस्तै त्यस बस्तीमा ३० जनाले नागरिकता पाएका छैनन्। हरवाचरवा कार्यक्रम अन्तर्गत दलित जनकल्याण युवा क्लब लहानबाट सहजकर्ता आशा विश्वकर्माले धमिनी महिला तथा बचत कार्यक्रम सञ्चालन गरेपछि त्यस समूहमा डेढ लाख रुपियाँ जम्मा भएको उहाँले बताउनुभयो। नागरिकता नभएका मुसहर समुदायको नागरिकता र जन्मदर्ताका लागि धनगढीमाई-९ का वडाध्यक्ष प्रकाश योञ्जन सक्रियताका साथ लाग्नुभएकाले समस्या समाधान हुनेमा आशावादी रहेको महिला समूहका अध्यक्ष पुकारी रामले बताउनुभयो।

बरियारपट्टी वडा नं. ३, तिलैयाबतीका मुसहर समुदायका ५५ घर परिवारमध्ये १० जनाको नागरिकता नहुँदा बालबालिकाको जन्मदर्ता बनिरहेको छैन। तिलैयानजिकै रहेको विद्यालयमा मुसहर समुदायको बालबालिका भर्ना हुनबाट वञ्चित भएका हरवाचरवा कार्यक्रम अन्तर्गत जय माँ दुर्गा महिला बचत समूहकी अध्यक्ष कबुतरीदेवी सदायले बताउनुभयो। उहाँले भन्नुभयो, "ऐलानी जग्गामा घर छ, नागरिकता नहुँदा बालबालिकाको भर्ना भएको छैन।"

मुसहर बस्तीमा नागरिकता टोली खटाएर समस्या समाधान गरिने आश्वासन विभिन्न नेताले पटक पटक दिए पनि समस्या ज्युँका त्युँ छ।

औरही गाउँपालिका-४, इटाटारका मुसहर समुदायको पीडा पनि नागरिकता र जन्मदर्ता नै रहेको छ। नागरिकता र जन्मदर्ता नहुँदा विभिन्न सरकारी सुविधा र बालबालिका विद्यालय भर्ना हुनबाट वञ्चित भइरहेको स्थानीय कमलेश सदायले बताउनुभयो। वडाध्यक्ष सुरेन्द्र यादवका अनुसार पहिले धेरै जनाको नागरिकता थिएन। बनाउँदा बनाउँदै अझै पनि केही घरपरिवारको नागरिकता नभएको अवस्था छ। नागरिकताका लागि आवश्यक कागजात जुटाएर नागरिकता र जन्मदर्ता बनाउन वडा कार्यालयबाट नै पहल भइरहेको छ।

मधेश प्रदेश सभा सदस्य ललितादेवी दासले मुसहर समुदायको अवस्था हेर्दा ती समुदायका लागि कुनै सरकार नै नरहेको अनुभव सुनाउनुभयो। उहाँले थप्नुभयो, "मधेश प्रदेश सभामा आवाज उठाउँदै आइरहेको छु। मुसहर समुदायको नागरिकता र जन्मदर्तासँगै आवास, शिक्षा, स्वास्थ्य र रोजगारीको कार्यक्रम तीनै तहको सरकारले गर्न आवश्यक छ।"

# सर्लाहीमा दुई मोटरसाइकल ठोक्किँदा एकको मृत्यु, ३ जना घाइते

**खबर दर्पण समाचारदाता**

**भदौं २८ गते, सर्लाही**

सर्लाहीमा दुई मोटरसाइकल ठोक्किँदा भएको दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने ३ वर्षीया बालिकासहित तीनजना घाइते भएका छन्।

बागमती नगरपालिका- ८ गाजलीचोकमा राजघाटबाट सोल्टी आइरहेको बा ३० प ९४०७ नम्बरको मोटरसाइकल र हरिवनबाट रौतहटतर्फ जाँदै गरेको ना ५९ प ५१७७ नम्बरको मोटरसाइकल बिहीबार दिउँसो आपसमा ठोकिँदा बा ३० प ९४०७ नम्बरको मोटरसाइकल चालक गणेश कार्कीको मृत्यु भएको हो।

बागमती नगरपालिका- ८ शंकरपुर निवासी ५० वर्षीय कार्की दुर्घटनामा गम्भीर घाइते भएका थिए। उनको उपचारको क्रममा हरिवनस्थित सरस्वती अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ।

अर्को मोटरसाइकल सवार हरिवन-१ का ३२ वर्षीय मुकेश कुमार साह, उनकी श्रीमती २६ वर्षीया शान्ता कुमारी साह र ३ वर्षीया छोरी घाइते भएका छन्।

बालिकाको अवस्था गम्भीर रहेको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायव उपरीक्षक लिलाराज लामिछानेले जानकारी दिए।

मृतक कार्कीको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएको छ। घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**बालबालिकालाई अनिवार्य विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं ।**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा